**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FRONTLINE RECRUITMENT PVT.LTD.**

Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com

Govt. License 886/067/068

## जापानमा रोजगार

कम्पनी : ASEAN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324929 | चलानी नं. ६०२३८९१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 4 | 0 | 212000 | २०,१०६१ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क रू. | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu, Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com

# बर्डफ्लू रोकथामका लागि सीमा क्षेत्रमा उच्च सतर्कता

**कञ्चनपुर (प्रस)–** बर्डफ्लु भित्रिन नदिन कञ्चनपुरको सीमा क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ । भारतको उत्तराखण्ड राज्यका बागेश्वर र उधमसिंह नगरलगायतका जिल्लामा संक्रमण देखिएपछि सीमा क्षेत्रमा कडाइ गरिएको हो ।

भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र कञ्चनपुरका पशु विकास अधिकृत शिवराज भट्टका अनुसार भारतसँग जोडिएका दोधारा-चाँदनी, पुनर्वास, बेलौरी, बेलडाँडी र भीमदत्त नगरपालिकाका- ९ र १० मा विशेष सतर्कता अपनाइएको छ । 'पक्षी तथा पक्षीजन्य पदार्थ सीमापार व्यापार गर्न नपाइने व्यवस्था गरिएको छ,' उनले भने, 'यदि अवैधरूपमा ल्याइएमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ अनुसार कानुनी कारबाही हुन्छ ।'

बर्डफ्लू नियन्त्रण समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालको अध्यक्षतामा बसेको बैठकले सीमावर्ती नाकाहुँदै पक्षी तथा पक्षीजन्य सामग्री आयातमा पूर्ण प्रतिबन्ध लगाउने निर्णय गरेको हो । साथै, किसान, व्यापारी, आपूर्तिकर्ता, जनप्रतिनिधि र स्थानीय तहलाई सचेतना कार्यक्रममार्फत जानकारी गराउने तयारी गरिएको छ ।

भट्टका अनुसार, रोकथामका लागि भेटेरीनरी अस्पताल, पशु सेवाविज्ञ केन्द्र, पशु क्वारेन्टिन कार्यालय र सुरक्षा निकायका टोलीले आकस्मिक अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । बर्डफ्लू संक्रमणबाट बिरामीमा उच्च ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, घाँटी दुख्ने, श्वास फेर्न गाह्रो हुने लक्षण देखिन्छन् । गम्भीर अवस्थामा निमोनिया, श्वासप्रश्वासको समस्याले बिरामीको मृत्युसमेत हुनसक्छ ।

## सुदूरपश्चिम प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल दार्चुला

**बिशेषज्ञ जनशक्ति परामर्श सेवामा छनौट गर्न आशय पत्र पेश गर्ने सम्बन्धि सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०५।१२ गते)**

यस जिल्ला अस्पताल दार्चुलाको चालु आ.व. २०८२।०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बिशेषज्ञ सेवा प्रदान गर्न परामर्श सेवामा तपसिल बमोजिमका जनशक्ति छनौट गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० र नियमवलीको नियम ७० बमोजिम निम्नानुसारको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आशयपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील:**

| क्र.सं | बिज्ञापन नं | पद | माग सँख्या | सेवाको किसिम |
|---|---|---|---|---|
| १ | 01/2082/083 | स्त्री रोग विशेषज्ञ | १ | दैनिक ओ.पि.डि. सेवामा रहि बिरामीको परिक्षण उपचार, परामर्श सेवा प्रदान गर्ने । |

- **आशयपत्र साथ पेश गर्नुपर्ने कागजातहरु:**

(क) नेपाली नागरिकताको प्रतिलिपि
(ख) शैक्षिक योग्यताका प्रमाण पत्र प्रतिलिपि
(ग) काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि

- कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिईने छ ।
- आशयपत्र पेश गर्ने अन्तिम मिति २०८२।०५।२६ गते सम्म ।
- आसय पत्र पश गर्नु पर्ने स्थान: जिल्ला अस्पताल दार्चुला ।
- यस बाहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।
- अन्य थप जानकारीका लागि जिल्ला अस्पताल दार्चुलाको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।

**नोट:** आशयपत्र यस अस्पतालको ईमेल: darchulahospital@gmail.com मा पनि पठाउन सकिने छ ।

**नि. मेडिकल सुपरिटेन्डेन्ट**

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी
कोशी प्रदेश, नेपाल

**सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति: २०८२/०५/११)**

रामधुनी नगरपालिकाको सुरक्षित आप्रावासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका योग्य अनुभवी नेपाली नागरीकहरुबाट यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र दिनको ५:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारम कार्यालय वा वेबसाइट www.ramdhunimun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | पदसंख्या | |
|---|---|---|---|---|
| १. | ०२।२०८२-०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ सरह) | १ | - नेपाली नागरिक<br>- मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा, स्टाफ नर्स वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट पब्लिक हेल्थ/नर्सिङ्ग /मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उतिर्ण गरेको ।<br>- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्दबाट प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>- कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, Power Point, Email Internet आदि) भएको र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>- दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको । सुरक्षित आप्रावासन कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:<br>- मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र वा १० +२ तह वा सो सरह उतिर्ण गरी मनो सामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि सो केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । |

कार्य अवधि:- २०८२ कार्तिक देखि पौष मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन मूल्यांकनको आधारमा नवीकरण हुन सक्नेछ ।

परिक्षाको किसिम:- लिखित, कम्प्युटर प्रयोगात्मक तथा अन्तर्वार्ता ।

परीक्षा दस्तुर: रू.५००।- (पाँच सय मात्र)

दरखास्त दिने अन्तिम मिति:- २०८२।५।२५ गते कार्यालय समय भित्र । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।

दरखास्त बुझाउने स्थान:- रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झुम्का, सुनसरी ।

पेश गर्नु पर्ने कागजातहरु:- उम्मेदवारले शैक्षिक योग्यताको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, तालिम, अनुभव तथा अन्य कागजातहरुको प्रतिलिपि लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरुको प्रतिलिपि ।

तलब तथा अन्य सुविधा:- कार्यक्रमको नियमानुसार ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आवेश होइन, कूटनीतिक क्षमता देखाऊ

**प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा जाँदै छन् । सांघाई सहयोग संगठनको शिखर सम्मेलनमा सहभागी जनाउँदै गर्दा नेपालले लिपुलेक विवादका विषयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छलफल गर्ने योजना बनाएको छ । सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङका अनुसार प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग पनि यो प्रश्न उठाउने तयारी छ ।**

**हालका प्रधानमन्त्री ओली नै सरकारको नेतृत्वमा रहेको बेला २०७७ जेठ ७ गते नेपालले लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको चुच्चे नक्सा सार्वजनिक गरेको थियो । यही नक्सामा रहेको नेपाली भूभाग लिपुलेकलाई दुई ठूला छिमेकी भारत र चीनले व्यापारिक केन्द्र बनाउने सहमति गरेपछि सरकारले प्रश्न उठाउने तयारी गरेको हो ।**

**भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालको निमन्त्रणमा चिनियाँ विदेशमन्त्री वाङ यीले भदौ २ र ३ गते भारत भ्रमणका क्रममा यस्तो सहमति गरेका हुन् । यो विषय सार्वजनिक हुनासाथ सरकारले कूटनीतिक नोटमार्फत समस्या समाधानको उपाय खोज्नुपर्थ्यो । तर परराष्ट्र मन्त्रालयले भारतसँग जुहारी खेल्ने किसिमले विज्ञप्ति जारी गर्दै भन्यो– यो विषय सबैलाई थाहा छ नेपाल सरकारले निरन्तर भारत सरकारलाई यस क्षेत्रमा सडक निर्माण वा विस्तार नगर्न र सीमा व्यापारजस्ता गतिविधि सञ्चालन नगर्न भनिरहेको छ । उक्त विज्ञप्तिको भारतले तुरुन्तै प्रतिक्रिया दियो । भारतको परराष्ट्र मन्त्रालयले सीमासम्बन्धमा एकतर्फी दाबी जायज नहुने जवाफ दियो । नेपालतर्फको दाबी कृत्रिम भएको तर्क गर्दै भारतले संवाद र कूटनीतिक संवादमार्फत बाँकी सीमा मुद्दाहरू समाधान गर्न नेपालसँग रचनात्मक अन्तरक्रियाका लागि खुला रहेको जनायो ।**

**प्रधानमन्त्री ओली सत्तामा आएको वर्ष दिन पुग्दा पनि नयाँदिल्लीले उनलाई स्वागत गर्न चाहेको छैन । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवामार्फत अनेक प्रयास गर्दा पनि नयाँदिल्ली खुसी नभएपछि आफ्नै प्रयासमा ओली यही भदौ मसान्तमा भारत जाने तयारीमा छन् । यसैको पूर्वसन्ध्यामा भारतले भने लिपुलेकमा आफ्नो दाबी दोहोर्‍याएको हो । १० वर्षअघि पनि भारतले यसैगरी लिपुलेकमा आफ्नो दाबी पेस गरेको थियो ।**

**लिपुलेक नेपाली भूमि हो, यसमा कुनै विवाद छैन । तर नेपालले यस विषयमा त्रिदेशीय छलफलदेखि अन्तर्राष्ट्रिय निकायहरूको साथ लिनुपर्छ । सिमाना विवाद प्रभावकारी रूपमा सुल्झाउने एकै उपाय भनेको कूटनीतिक छलफल हो । यसबारेमा सरकार कडा भएर भन्दा पनि रणनीतिकरूपमा प्रस्तुत हुनुपर्छ । सरकारले चीनमा हुने सांघाई सहयोग संगठनको शिखर सम्मेलनमा यो विषय उठाउने दाबी गरे पनि यो सही मञ्च नहुन सक्छ । विषय एकातिर कुराकानी अर्कोतिर हुँदा प्रभावकारी छलफल नहुन सक्छ । यसैले पनि छिमेकी मुलुकहरूसँग सीमाजस्तो जटिल विवादमा विज्ञहरूसँगै कूटनीतिज्ञहरूको सुझाव लिएरमात्र अगाडि बढ्नुपर्छ । यसका लागि विषयगत छलफल आयोजना गर्नु उपयुक्त हुन्छ । सरकार यस्तो बेला आवेशमा प्रस्तुत हुने होइन, कूटनीतिक क्षमता प्रदर्शन गर्ने हो ।**

# तीजको आर्थिक र मनोवैज्ञानिक पाटो



■ अमृता अनमोल

> अहिले समय फेरिएको छ । तीज मनाउने शैली फेरिएको छ । अर्थात् तीजका आर्थिक, सामाजिक र मनोवैज्ञानिक पाटाहरु फेरिँदै गएका छन् । तीजको परिवर्तनलाई मनगणन्ते विश्लेषण गर्नुहुँदैन । समय, बजार, महिलाहरुको चेतनास्तर र आत्मनिर्भरतासँग जोडेर हेर्नुपर्छ । तीजमा बजारले पनि ठूलो प्रभाव पारेको छ । किनकि अहिलेको बजार नाफामुखी बजार हो । तीजमा बजार प्रवर्द्धन गरी नाफा कमाउने अवसर बनेकोसमेत हेरौं ।

हिजोआज तीजको माहोलले घरदेखि सार्वजनिक स्थल छपक्कै ढाकेको छ । धार्मिकरूपमा पार्वतीले शिवलाई पति पाउन निराहार व्रत गरेको कथामा आधारित पर्व हो तीज । हिन्दू धर्माबलम्बी महिलाहरू बिहानैदेखि शौभाग्य पोसाकमा सजिएर शिवालयमा धाएका छन् । रातो सारी, रातो ब्लाउज, रातै चुरा, पोते र टीकामा सजिएका महिलाहरू शिवको पूजा आरधनापछि नाचगान गरेर रमाइलो गर्छन् । तीजको दिन अविवाहिता महिलाले आफूले मन पराएको वा योग्य वर पाउने कामना गर्छन् । विवाहिता महिलाले आफ्ना पतिको दीर्घायू र समृद्धिको कामना गर्छन् । तीजका दिन निराहार व्रत बसेर शिवको आरधना गरे मनोकांक्षा पूरा हुने धार्मिक कथन छ ।

धार्मिकरूपमा साँघुरो तीज विस्तारै फराकिलो बन्दै गएको छ । छोरीचेली र माइतीपक्षबीच पारिवारिक जमघट र जमघटमा नाचगानले प्रश्रय पाउँदै गएको छ । विस्तारै अहिले तीजका सामाजिक, संस्कृति र आर्थिक पाटाहरू फराकिला बन्दै गएका छन् । यसले तीज मनाउने शैली र परम्परा फराकिलो र लामो बनाउँदै गएको छ । तीज कहिलेदेखि मनाउने ? हरेक वर्ष तीज सुरु हुन लाग्दा बहस चल्छ । पश्चिम पहाडमा पहिल्यैदेखि नै साउने संक्रान्तिदेखि महिलाहरू जम्मा भएर नाचगान गर्ने र रमाउने चलन छ । तिनै पहाडी जिल्लाका जनसंख्या बसाइँ सरेर अन्यत्र स्थानमा गएपछि तीजको माहोल एक महिनाभन्दा बढी चल्ने गरेको छ ।

तीज नजिकिएपछि महिलाहरू रातो चुरा, रातो पोते, रातो सिन्दूर र रातै सारी ब्लाउजमा सजिन्छन् । गरगहना र शौभाग्य पोसाकमा चिरीच्याट्ट पर्छन् । पहिले महिलाहरू पालैपालो घरका आँगन र चौतारोमा जम्मा भएर तीज गीत गाउँदै र नाच्दै गर्थे । अहिले बजार क्षेत्रमा ठूला आँगन र चौतारा छैनन् । त्यसैले शौभाग्य पोसाकसहित शृंगारमा सजिएका महिलाहरू होटल रेस्टुराँ र पार्टी प्यालेसमा रमाउने गरेका छन् । पहिले घरको चुलोचौकोमा सीमित महिलाहरू अहिले महिला समूह, टोल समूह, संघसंस्था, जागिर, व्यवसाय र राजनीतिमा जोडिएका छन् । आफू जोडिएका तिनै संघसस्थाले आयोजना गरेका तीजका कार्यक्रममा महिला रमाउँछन् । संघसस्थाले पर्व मनाउने यो शैलीले कामकाजी र माइतीघरबाट टाढा हुने महिलाका लागि पनि तीज रमाउने माध्यम बनेको छ ।

हरेक वर्ष तीज नजिकिँदै गर्दा तीजको मौलिकतामाथि प्रश्न उठ्छ । जब महिलाहरू सारी लगाएर नाचगान गर्न निस्कन्छन्, तब मौलिकताका हराएका दुखेसाका तयारी प्रश्नहरू र सुझावहरू तेर्सिन सुरु गर्छन् । हो, हाम्रा चाडपर्वहरूका मौलिकता फेरिएका छन् । जन्मदेखि मृत्युसम्मका संस्कार पहिलेजस्ता छैनन् । सबैभन्दा पवित्र मानिने व्रतबन्ध र मृत्युपछिको काजकिरिया त धेरैले घरमा गर्दैनन् । होटल वा सार्वजनिकस्थल खोजेर गर्छन् । तीजमा महिलाले घरमा दर खाएनन्, घरमा नाचेनन् भनेर किन चिन्ता गर्नु ? चिन्ता सबै पर्व र संस्कारको गरौं । मौलिकताका नाममा महिलालाई घरमै मात्र तीज मनाउन, आफैंले खाना पकाउन र जुठो भाँडा स्याहार्न बाध्य पार्न खोज्नु मौलिकताको नाममा पितृसत्तात्मक दासताको प्रवृत्ति हो ।

समयसँगै तीज गीतका भाका र लय फेरिएका छन् । शब्द फेरिएका छन् । हामीले गाउने देउसीभैलोका लय हुन् वा अरु सबैका शब्द र शैली फेरिएका छन् । उत्ताउला गीत र शब्दको विरोध गरौं । तर, मौलिकता नाममा अहिले पनि महिलाहरू हजुरआमाका पालामा जस्तो भक्तिभावका मात्र गीत गाउने वा उतिबेलाजस्तै फनफनी घुमेर नाचुन् भन्ने चाहनु गलत हो । तीज मिलन कार्यक्रममा अतिथि बनेर आउने आसन र भाषण गर्ने पुरुषहरू तीजका सबैभन्दा धेरै आलोचक छन् । लाग्छ, अरुबेला आफूहरू मात्रै आसन, भाषण र शासन गरेका ती अगुवा पुरुषहरूले महिलाले आसन, भाषण र शासन गरेको सहीसक्नु नभएको हो । यस्तो मनोवृत्ति पुरुष वा महिला दुवैले त्याग्नुपर्छ ।

अहिले समय फेरिएको छ । तीज मनाउने शैली फेरिएको छ । अर्थात् तीजका आर्थिक, सामाजिक र मनोवैज्ञानिक पाटाहरू फेरिँदै गएका छन् । तीजको परिवर्तनलाई मनगणन्ते विश्लेषण गर्नुहुँदैन । समय, बजार, महिलाहरूको चेतनास्तर र आत्मनिर्भरतासँग जोडेर हेर्नुपर्छ । तीजमा बजारले पनि ठूलो प्रभाव पारेको छ । किनकि अहिलेको बजार नाफामुखी बजार हो । तीजमा बजार प्रवर्द्धन गरी नाफा कमाउने अवसर बनेकोसमेत हेरौं ।

तीज सांगीतिक पर्व हो । तीजसँगै सांगीतिक बजार मौलाएको छ । तीजमा गीत निकाल्ने कलाकारहरूको संख्या बढेको बढी छ । हरेक वर्ष झण्डै ५०० तीज गीत र तीनका भिडियो बन्छन् । झण्डै १० करोडको सांगीतिक कारोबार तीजले गराएको छ । तीज विशेष कार्यक्रमले गायकगायिका र कलाकारलाई कमाउने माध्यम बनाएको छ । नाच्ने, गाउने र बजाउने सबैले काम र दाम पाएका छन् । तीजमा तीज नाचगान प्रतियोगिता हुन्छ । मिस, मिसेज प्रतिस्पर्धा चल्छ । यी प्रतियोगिता र प्रतिस्पर्धाले पनि धेरैलाई कला, गला देखाउने र कमाउने मौका जुराएको छ ।

तीजले गरगहनाको बिक्री बढाएको छ । गरगहनासँगै लत्ताकपडाको खरिदबिक्री बढाएको छ । रातो चुरा, रातो पोते र शृंगारमा सजिन नयाँ लुगा किन्ने महिला बढेका छन् । समूह समूहले उस्तै खालका पोसाक लगाउने चल्तीले बजारमा किनमेल अझ बढेको छ । तीजले होटल व्यवसायलाई पनि चलायमान बनाउँछ । वर्षा लागेपछि सुनसान बनेका होटल, रेस्टुराँमा तीज नजिकिएपछि चहलपहल हुन्छ । यसलाई सकारात्मक रूपमा लिऔं ।

अहिले केही मानिसहरू महिलाले एक महिनासम्म तीज मनाएर विकृति बढ्यो भनेर रोइलो गरिरहेका छन् । महिलाले विकृत बढाउने मुख्य कारण होटल रेस्टुराँ र पार्टी प्यालेसमा तीज मनाउनुलाई मानेका छन् । तिनै ठाउँमा दर खानुलाई मानेका छन् । दर खाँदा कसैले मदिरा पो पिए कि भनेर चियोचर्चो गरिन्छ । तर, बाह्रैमास मदिरा खाने पुरुषको कसैले चियोचर्चो र टिप्पणी गर्दैन । जड्या पुरुषकै कारण नेपालका मदिरा उद्योग, होटल र बार चलेका छन् । घरेलु हिंसादेखि यौन, सामाजिक र आर्थिक हिंसा बढेको छ । यसले विकृति ल्यायो भनेर चाहिँ कतै चर्चा हुँदैन । मदिरा पुरुषले पनि खानु राम्रो होइन, महिलाले पनि होइन । अब त्यसबारेमा बहस गर्नुपर्छ ।

पहिले अहिलेको जस्तो बजार थिएन । सुविधा थिएन । महिलाको हातमा आर्थिक स्रोत थिएन । स्रोत हुनेले पनि कहा कसरी खर्च गर्ने विकल्प थिएन । घरमा जे हुन्छ त्यही खानुपर्थ्यो । महिलाको पर्व भए पनि दिदीबहिनी बोलाएर सबै परिकार आफैंले पकाउने, खुवाउने र जुठोभाडो स्याहार्ने गर्नुपर्थ्यो । अहिले महिला कोही राज्यका उच्च पदमा छन् । कसैले जागिर त कसैले व्यवसाय गरेर कमाएका छन् । सामाजिक सम्बन्ध फराकिलो बनेको छ । समूह, संघसंस्था, कार्यालयमा दिदीबहिनी बन्ने र सामाजिक सम्बन्ध मजबुद बनाउन तीज मिलन गर्न थालेका छन् । पैसा हुनेका लागि होटल, रेस्टुराँ र पार्टी प्यालेसले पकाउने, खुवाउने र जुठोभाडो स्यार्ने बाध्यताबाट मुक्ति दिएका छन् । महिलाले पनि तीजमा सुविधा लिँदा यसमा किन रोइलो गर्नु ?

हामी हुर्कने बेलासम्म सुन्थ्यौं, छोरीबुहारीले दाँत देखाएर र आवाज निकालेर हाँस्नुहुँदैन । कम्मर मर्काएर नाच्नु हुन्न । हाउभाउ गरेर नाच्दा उत्ताउलो भइन्छ । के अहिले पनि तीजमा कम्मर मर्काउने महिलालाई उत्ताउला र विकृत भनौं । जनसंख्यामा आधाभन्दा बढी हिस्सा महिलाको छ । महिला हाँस्दा, नाच्दा र रमाउदा विकृति हुन्छ भने के गरौं ? महिलाहरू रोएर संस्कृति बचाऔं । हामीले संस्कृति र विकृतिलाई लिंगसँग तुलना गरेका छौं । महिलाले गरे विकृति र पुरुषले गरे चलनचल्ती भन्ने मानसिकता छ । हो, त्यही मनोविज्ञान र दृष्टिकोण गलत छ । भेद्भावपूर्ण छ । तीजका बारेमा अनावश्यक प्रश्न तेर्साएको छ । तीज परम्परागतरूपमा माइतीघरमा गएर दर खाएर नाच्ने पर्व हो । तर, अहिलेका कामकाजी महिला दर खान माइतीघर जान सक्ने अवस्थामा छैनन् । माइत जान नसक्ने महिलाको तीज नखोसौं । आफ्ना सामाजिक सम्बन्धका दिदीबहिनी दाजुभाइसँग तीज मनाउने अवसर सिर्जना गरौं । चाडपर्वलाई संकीर्ण दृष्टिले नहेरौं । *रासस*

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## पाठक मञ्च

# रविको समर्थनमा हस्ताक्षर, लिपुलेक कब्जा गर्दा मौन ?

२०८१ कात्तिक २ गते सहकारी ठगीको आरोपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछाने पक्राउ परे । पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा समातिएका उनीसँग राजनीतिक प्रतिशोध साँधिएको भन्दै रास्वपा नेता-कार्यकर्ता आन्दोलनमा उत्रिए ।

अहिले लामिछाने पुर्पक्षका लागि थुनामा छन् । यद्यपि, ०८२ असार ७ गते पार्टी स्थापना दिवसको अवसर पारेर रास्वपाले रविमाथि प्रतिशोध साँधिएको भन्दै हस्ताक्षर अभियान चलाइरहेको छ । लाखौं मानिसले हस्ताक्षर गरे र आर्थिक सहयोग पनि गरे । रवि देश र जनताको आवाज उठाउँदा जेल परेका होइनन् ।

पाँचवटा सहकारीका लाखौं बचतकर्ताको अर्बौं रकम खाएर उनी जेल परेका हुन् । ०५६ सालमै लामिछाने नेपाल छोडेर अमेरिका पलायन भएका थिए । ०६६ सालमा उनले नेपाली नागरिकता र राहदानी त्यागेर अमेरिकी नागरिकता लिए । अमेरिकामा घरायसी समस्यासँगै चारवटा ठगी मुद्दा परेपछि उनी ०७१ जेठमा भिजिट भिसामा नेपाल आए ।

अमेरिका जानुअघि अर्थात् ०५६ सालअघि लामिछाने राजावादी थिए । ०५२ सालमा माओवादीले जनयुद्ध गरेपछि उनी आफ्नो ज्यानको सुरक्षाका निम्ति अमेरिका भागेका हुन् । नेपालको राजनीतिक परिवर्तनमा रवि लामिछानेको कुनै पनि योगदान छैन । मुलुकमा विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा उनी सरिकसमेत भएनन् ।

यता, लामिछानेमाथि आफ्नै सहकर्मी पत्रकार शालिकराम पुडासैनीलाई आत्महत्या गर्न बाध्य बनाएको पनि आरोप छ । नुवाकोट घर भई काठमाडौं बस्ने तर चितवन पुगेर आत्महत्या गरेका उनले मर्नुअघि बनाएको भिडियोमा रविका हरेक कर्तुतबारे छर्लंग खुलाइएको थियो । दुर्भाग्य, कसैले उनको विश्वास गरेन ।

न राज्य संयन्त्रले, न अदालतले, न जनताले । टेलिभिजनमा कार्यक्रम चलाउँदा लामिछानेले व्यापारीसँग पैसा खान्थे भन्ने आरोप पनि छ । उनकै कारण चितवन क्षेत्र नम्बर २ मा दुईपटक निर्वाचन गराउनुपर्‍यो । अदालतले उनी नेपाली नागरिक होइन भन्ने प्रमाणित गरेपछि तत्कालीन गृहमन्त्री, उपप्रधानसहित पार्टी सभापति, सांसद पद खारेज गरिदिएको थियो ।

त्यसपछि चितवनमा उपचुनाव गराउनुपर्‍यो । जनताले तिरेको करोडौं कर खर्च भयो भने फेरि सर्वसाधारणले दुःख गरेर भोट हाले । लामिछाने अमेरिकी नागरिक हुन् भनेर त पत्रकार पुडासैनीले आत्महत्या गर्नुअघि नै भनेका थिए । यद्यपि, त्यतिबेला कसैको उनको भरोसा गरेन ।

अहिले चर्चाको अर्को विषय हो, लिपुलेक । नेपाली भूभाग लिपुलेकमा व्यापार गर्न भारतले चीनसँग सम्झौता गरिसकेको छ । तर, लिपुलेकमात्र होइन, नेपालको थुप्रै भूभाग भारत र चीनले हडपेका छन् । दार्जीलिङ, सिक्किम, टकनपुर, कोलकत्ता, कालापानी, लिम्पियाधुरालगायत भूभाग पनि पहिले नेपाली तर अहिले भारत र चीनको भनी परिचित छ । मुलुकको विदेशी ऋण २९ खर्ब ३९ अर्ब पुगिसक्यो । निर्माण व्यवसायीको ४५ अर्ब, दुग्ध तथा उखु किसानको सात अर्ब र कोरोना बिमा गराएका अस्पतालको २४ अर्ब रूपैयाँ बक्यौता दिन बाँकी छ । सरकारी जग्गा कब्जा निरन्तर बढिरहेको छ ।

यी विषयमा रास्वपाले आवाज उठाएको सुनिँदैन । नेपाली भूभाग फिर्ता ल्याउनुपर्छ, विदेशी ऋण लिनुहुन्न, व्यक्तिका नाममा गएका सरकारी जग्गा पुनः राज्यको नाममा ल्याउनुपर्छ, हदबन्दी छुटका जग्गा व्यक्तिलाई दिनुपर्छ भनेर जनता आन्दोलनमा उत्रिँदैनन् । न त यसका लागि हस्ताक्षर अभियान नै संकलन गरेको पाइन्छ । अनि रवि लामिछानेमाथिचाँहि राजनीतिक प्रतिशोध साँधिएको भन्दै जनता उफ्रिन्छन् । हस्ताक्षर गर्छन्, आर्थिक सहयोग गर्छन् । यसलाई के भन्ने ? देशभन्दा रवि प्यारो । रविले खाएको पाँचवटा सहकारीमा बचत गर्ने नेपाली जनता नै हुन् ।

मानिसहरूले आफ्नो खेतबारी बेचेर, जीवनभर कमाएको, विदेशमा कमाएको पैसा सहकारीमा राखेका थिए । तर, रविसहितको मिलेमतोमा त्यो रकम हिनामिना वा पचाइएपछि बचतकर्ताहरू सुकुम्बासी भएका छन् । उनीहरूले आफ्ना छोराछोरी पढाउन सकेका छैनन् । उपचार गर्न पैसा छैन । कतिपयले सहन नसकेर आत्महत्यासमेत गरेका छन् ।

अनि जनतामा कहिले चेतना आउने ? अब रविको पक्षमा हस्ताक्षर गर्ने होइन, देशको लागि गर्ने हो । यदि हामी साँच्चिकै नेपाली हौं भने देश जोगाउन लाग्नुपर्छ, नाकि ठग बचाउन । रास्वपामा सबै काण्डैकाण्डमा मुछिएका नेतामात्रै छन् । डिपी अर्यालमाथि मानव तस्करीको आरोप छ भने स्वर्णिम वाग्लेसँग पनि विदेशी नागरिकता भएको आरोप लागेको छ ।

रास्वपाका सन्तोष परियारले केही दिनअघि सदनमा भने, '०८४ मा १९० सिट जित्छौं ।' करोडौं जनताको सहकारीमा खर्बौं रकम डुबेको छ । रविकोमात्रै पाँचवटा सहकारीमा प्रत्यक्ष संलग्नता देखिएको छ । अनि रास्वपा कुन मुखले भोट माग्न सक्छ ? अब जनताले भोट होइन, आक्रोशमा कुटपिटचाँहि गर्न सक्छन् । त्यसैले, रास्वपाले ०८४ मा १९० होइन, एक सिट जित्न पनि मुस्किल पर्ने छ ।

**–रुषा थापा, भक्तपुर**

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# सिरहा–उदयपुर जोड्ने अन्तरप्रदेशीय नयाँ मार्ग खुल्ने



**सिरहा–** सिरहाको गोलबजारदेखि उदयपुरको कटारी-६ स्थित रिस्कुसम्मको झण्डै २२ किलोमिटर लामो अन्तरप्रदेशीय नयाँ सडक मार्ग खोलिने भएको छ । सघन सहरी तथा भवन निर्माण आयोजना, सप्तरीद्वारा निर्माण गरिने यो सडक पूर्व-पश्चिम राजमार्गलाई चुरे क्षेत्र पार गर्दै मदन भण्डारी लोकमार्गमा जोड्ने छ ।

आयोजनाअन्तर्गत चालु आर्थिक वर्ष २०८२/८३ मा प्रारम्भिक चरणका लागि तीन करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ । सघन सहरी आयोजनाका इञ्जिनियर उदयनारायण चौधरीले भने, 'सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय मूल्यांकन तयार गर्न पाँच सदस्यीय सहयोग समिति गठन भइसकेको छ । अब हामी चाँडै नै सडकको काम सुरु गर्छौं । चालु आवमै करिब तीन किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य लिएको छौं ।'

नयाँ सडकमार्ग गोलबजारको पुरानो चोहर्वा बजारबाट सुरु भई घुर्मी बजार हुँदै चुरेफेदीका बस्तीहरू पार गर्दै उदयपुरको रिस्कुसम्म पुग्ने छ । निर्माण पूरा भएपछि मदन भण्डारी राजमार्गसम्मको पहुँच सहज हुने छ । अहिले रिस्कुवासीलाई सिरहाको मर्चैया वा सप्तरीको कदमहा बजार हुँदै लामो र घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ । यसले उनीहरूको समय, खर्च र ऊर्जा दुवै खर्चिन्थ्यो । नयाँ सडकले दूरी छोटो हुने र बजारसम्म पुग्न सहज हुने भएकाले विशेषगरी चाडपर्वको समय घरायसी सामान तथा लत्ताकपडा किनमेल गर्न गोलबजार जान झण्झट नहुने उनीहरू बताउँछन् ।

गोलबजार-१० निवासी क्षेत्रकुमार आले भन्छन्, 'सडक कालोपत्रे भएपछि यातायात सहज हुने छ, व्यापार-व्यवसाय फस्टाउने र सहरी पूर्वाधारमा गति आउने विश्वास छ ।'

गोलबजारका व्यापारी सञ्जय यादवले नयाँ सडकले पहाड र तराईबीच हुने ढुवानी सहज बनाउने बताए । यस सडकले उदयपुरको उत्पादनलाई गोलबजारको व्यापारिक केन्द्रसम्म ल्याउन र त्यहाँबाट तराईको उपज पहाड पठाउन सहज हुने भएकाले कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उनको भनाइ छ । उनले भने, 'पहाडमा हुने उत्पादन तराईमा र तराईमा हुने उत्पादन पहाडमा पठाउन सजिलो हुने छ । ढुवानी लागत कम हुँदा व्यापारमा प्रतिस्पर्धा बढ्ने छ ।'

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि पूर्वकानुनमन्त्री तथा प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठ, मधेस प्रदेशसभा सदस्य मनोजकुमार सिंह, गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठ, सम्बन्धित वडाध्यक्षहरू तथा आयोजना इञ्जिनियर चौधरीको सहभागितामा अनुगमन र समन्वयको संरचना बनाइएको छ ।

पूर्वमन्त्री श्रेष्ठले समितिलाई एक महिनाभित्र सडकको ट्रेस (मार्ग) निर्धारण गरी प्रतिवेदन पेस गर्न निर्देशन दिए । उनले भने, 'कामको जिम्मेवारी लिनेले निस्क्रिय बस्न मिल्दैन । समयमै काम सम्पन्न गर्नुपर्छ, नभए विगतझैं बजेट फ्रिज भएर जान्छ । त्यसैले, सक्रियताका साथ लाग्न सबैलाई विशेष आग्रह गर्दछु ।' साथै उनले उदयपुरतर्फको कामका लागि जनप्रतिनिधिसँग समन्वय भइरहेको जानकारी दिए ।

सिरहा-उदयपुर जोड्ने यो अन्तरप्रदेशीय सडकमार्गले दुर्गम क्षेत्रलाई सहरी पूर्वाधारसँग जोड्ने छ । आवागमनमा सहजता ल्याउनुका साथै व्यापार, कृषि, पर्यटन र स्थानीय सेवा सुविधामा दीर्घकालीन प्रभाव पार्ने चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रकुमार महतोको भनाइ छ । *रासस*



**हैजाको प्रभाव** | **वीरगञ्जको नारायणी अस्पतालमा उपचाररत झाडापखाला र हैजाबाट प्रभावित बिरामी र कुरुवा बसेका आफन्त ।**
*तस्बिर: हिमाल लम्साल/रासस*

# कोशीमा कडा रोगका बिरामीलाई आठ करोड ८५ लाख सहायता

**झापा (प्रस)–** कोशी प्रदेश सरकारले कडा रोगका बिरामीलाई आठ करोड ८५ लाख रूपैयाँ आर्थिक सहायता वितरण गरेको जानकारी दिएको छ ।

कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. केनिन राईका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सहायताका लागि एक हजार ७१५ जना बिरामीले मन्त्रालयबाट सहायता रकम प्राप्त गरेका हुन् । क्यान्सर, मिर्गौला, स्पाइनल इञ्जुरी, हेड इञ्जुरी र सिकलसेन एनिमियालगायतका बिरामीले अघिल्लो आव २०८०/८१ मा दिएका निवेदनका आधारमा ५० हजार र एक लाख रूपैयाँका दरले आर्थिक सहायता वितरण गरिएको उनले जानकारी दिए ।

उनले क्यान्सर, मिर्गौला, स्पाइनल इञ्जुरी, हेड इञ्जुरीका एक हजार ६६० बिरामीलाई ५० हजार रूपैयाँका दरले र मिर्गौला ट्रान्सप्लान्टका ५५ बिरामीलाई एक लाख रूपैयाँका दरले सहायता रकम वितरण गरिएको बताए । चालु आव २०८२/८३ मा सरकारले आर्थिक सहायताका लागि बजेट विनियोजन नगरेको उनले बताए । 'यो आवमा यस्तो सेवा मन्त्रालयले राखेको छैन,' सूचना अधिकारी राईले भने, 'आर्थिकरूपमा भार धेरै भयो । कडा रोग लागेका बिरामीलाई निःशुल्क स्वास्थ्य बिमा गरिदिने र बिमा गरिसकेकाहरूको नवीकरण गरिदिने कार्यविधि बनेको छ । जिल्लाहरूबाट तथ्यांक संकलन गरिरहेका छौं । चाँडै सूचना जारी गरेर काम थाल्नेछौं ।'

विगतको कार्यविधिमा मिर्गौला प्रत्यारोपण गर्नेलाई दुई लाख रूपैयाँ र अन्य कडा खालका रोग लागेकालाई एक लाख रूपैयाँका दरले सहायता उपलब्ध गराउने प्रावधान थियो । तर माग धेरै र बजेट अभाव भएपछि सरकारले गत वर्ष आधामात्रै बाँड्ने निर्णय गरेको थियो ।

उनले २०८० चैतबाट मन्त्रालयले निवेदन लिने काम बन्द गरिसकेको जानकारी दिए । प्रदेशमा कडा रोग लागेका बिरामीलाई पहिलोपल्ट आव २०७९/८० बाट आर्थिक सहायता वितरण सुरु गरिएको थियो ।

# लगानीमैत्री वातावरण बनाउन ऐन संशोधन गरिँदै

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशमा लगानीमैत्री वातावरण बनाउन देखिएका नीतिगत एवं कानुनी जटिलता हटाउन मौजुदा १० वटा ऐनको संशोधन एवं परिमार्जन गर्न लागिएको छ । लगानीमैत्री वातावरण बनाउनका लागि निजी व्यवसाय दर्ता ऐन २०७६, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन २०७५, प्रादेशिक औद्योगिक व्यवसाय ऐन २०७५, सुदूरपश्चिम प्रदेश सवारी तथा यायातायात व्यवसाय ऐन २०७५, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७९ का कतिपय दफा उपदफालाई संशोधन वा परिमार्जन गर्न लागिएको हो ।

यसैगरी, प्रदेश स्वरोजगार विकास कोष ऐन २०७५, सहकारी ऐन २०७५, साझेदारी व्यवसाय ऐन २०७६, सुदूरपश्चिम बीउविजन ऐन २०७७ र सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन २०७७ (पहिलो संशोधन) सुदूरपश्चिमका कतिपय दफा उपदफालाई पनि संशोधन वा परिमार्जन गर्नुपर्ने देखिएको सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलनको सचिवालयका विज्ञ सदस्य पुष्पराज उपाध्यायले जानकारी दिए ।

यी ऐनमा रहेका कानुनी बाधा पहिचान गरी आवश्यक संशोधन सिफारिस गर्न विभिन्न छलफल तथा बैठक सम्पन्न भइसकेका छन् । लगानीमैत्री वातावरणका लागि सुदूरपश्चिम प्रदेशमा प्रभावकारी साझेदारी ढाँचा (पिपिपी) निर्माणका लागि छुट्टै 'सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन' ल्याउन लागिएको छ । यसका लागि मस्यौदा तयार गर्ने काम भइरहेको छ । प्रदेशसभाको बैठकबाट वा त्यो सम्भव नभए संकल्प प्रस्तावबाट र अध्यादेशमार्फत भए पनि संशोधनको प्रक्रियामा लैजाने तयारी गरिएको छ ।

यसको तयारीका क्रममा प्रदेशसभा सदस्य डा. ताराप्रसाद जोशीको संयोजकत्वमा गठन गरिएको नीति तथा कानुन अध्ययन तथा सिफारिस उपसमितिले निरन्तर काम गरिरहेको छ । विज्ञ सदस्य उपाध्यायले सम्मेलनका लागि प्रदेशका पालिका तहबाट सम्भावित योजनाको प्रस्ताव माग गरिएकामा आएका योजनाहरू सम्भाव्य भए नभएकाबारेको विस्तृत अध्ययन भइरहेको बताए ।

उनले भने, 'सम्मेलनमा सुदूरपश्चिम प्रदेशमा लगानी गर्न मिल्नेखालका योजनाको प्रस्ताव पेस गरिने छ, लगानीकर्ता भने प्रदेशभित्रकै वा बाहिरका पनि हुन सक्छन् ।' लगानी तथा विकास सम्मेलनको आयोजनाबाट प्रदेशको आर्थिक, सामाजिक र पूर्वाधार विकासका लागि कोशेढुंगा सावित हुने विश्वास गरिएको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका उपसचिव आमोद दाहालले केन्द्रको कानुनसँग नबाझिनेगरी प्रदेशका मौजुदा कानुनलाई लगानीमैत्री बनाएर सहजीकरण गर्न लागिएको बताए । प्रदेश सरकारले आगामी असोज १ र २ गते आयोजना गर्ने भनेको लगानी तथा विकास सम्मेलन अब आगामी मंसिर १ र २ गते गर्ने तयारी भइरहेको छ । सम्मेलनको तयारीका लागि गर्नुपर्ने पूर्वतयारीका लागि थप समय चाहिने भएकाले मंसिरमा आयोजना गर्ने निधो गरिएको हो ।

प्रदेशमा धार्मिक पर्यटन, जलस्रोतको उपयोग, स्थानीय कच्चापदार्थमा आधारित उद्योग स्थापना, जडीबुटीको प्रशोधन तथा प्रवर्द्धनलगायत क्षेत्रमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहे पनि आवश्यक लगानीमैत्री वातावरण नहुँदा विकास हुन सकेको छैन । *रासस*

# मंसिरमा बाघ र गैँडा गणना

**चितवन–** गत आर्थिक वर्षमा अन्तिम अवस्थामा दाताले सहयोग गर्न नसक्ने जनाएपछि रोकिएको गैँडा गणना यस वर्ष गरिने भएको छ । यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कार्यक्रममा केही बजेट विनियोजन गरेर गणना गर्न लागिएको हो ।



विभागका महानिर्देशक डा. रामचन्द्र कँडेलका अनुसार बाघ भने हरेक चार-चार वर्षमा गणना गरिँदै आएको छ । सोहीअनुसार यस आर्थिक वर्षमा बाघ गणना गरिने छ । उनका अनुसार मंसिरमा बाघ गणना सुरु गरिँदै छ । करिब तीन महिना बाघ गणना गर्न समय लाग्ने उनले बताए । एक सिंगे गणना चैत महिनामा गर्ने गरी कार्यक्रम अघि बढाइएको छ । गैँडा गणना गर्न एक महिना लाग्दछ ।

गैँडा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु राष्ट्रिय निकुञ्जमा गणना गरिने छ । बाघको गणना पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटामा गरिन्छ । बाघ गणनाका लागि चालु आर्थिक वर्षको बजेटमा विभागले १८ लाख रूपैयाँ रकम विनियोजन गरेको छ यसका लागि एक करोड ५० लाख रूपैयाँभन्दा बढी खर्च हुने गर्दछ । कँडेलले गैँडा गणनाका लागि १८ लाख रूपैयाँ नै विनियोजन गरेको बताए । गैँडा गणना गर्न दुई करोड रूपैयाँभन्दा बढी खर्च लाग्ने गर्दछ । बाँकी रकमका लागि दातासँग सहयोग मागिने भएको छ ।

यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३३५ वटा बाघ रहेको तथ्यांक सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको तथ्यांक छ ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्तका अनुसार बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने ठाउँमा स्वचालित क्यामरा राख्ने गरिन्छ । त्यो क्यामराले बाघको फोटो खिच्ने गर्दछ । बाघको फोटो हेरेर तिनको शरीरमा भएको पाटाको आधारमा संख्या छुट्याइने उनले जानकारी दिए । हरेक बाघको पाटा (शरीरमा भएका धर्का) फरक-फरक हुने गर्दछन् ।

गैँडा गणना हात्तीमाथि चढेर प्रत्यक्ष हेरेर (रियल टाइममा) गरिन्छ । नेपालमा सन् २००९, सन् २०१३, सन् २०१८ पनि बाघ गणना भएको थियो । सन् २००९ को गणनामा देशैभर १२१, सन् २०१३ मा १९८ र सन् २०१८ मा २३५ बाघ भेटिएका थिए ।

सन् २०२१ मा गरिएको गैँडा गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७५२ गैँडा फेला परेका थिए । सन् १९६० को दशकमा गैँडाको संख्या घटेर करिब १०० को हाराहारीमा झरेको थियो । नेपालमा सन् १९५० को दशकमा ८०० वटा गैँडा रहेको अनुमान छ । सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८, शुक्लाफाँटमा आठबाट बढेर १८ पुगेको थियो ।

नेपालमा सन् १९५० मा ८००, सन् १९५५ मा ४००, सन् १९६० मा ३००, सन् १९६५ मा १००, सन् १९७० मा १०८, सन् १९७५ मा १४७, सन् १९८० मा ३१०, सन् १९८५ मा ३१०, सन् १९९० मा ३५८, सन् १९९५ मा ४६६, सन् २००० मा ६१२, सन् २००५ मा ४०९, सन् २०१० मा ४३५ र सन् २०१५ मा ६४५ र सन् २०२१ मा ७५२ गैँडा फेला परेको तथ्यांक छ । *रासस*


**बहराइनमा रोजगार** कम्पनी : INTERNATIONAL MARKETING COMPANY CLEANTEC
पूर्व स्वीकृति मिति : २०८२/०५/११ LT. No. 329961 चलानी नं. ६०२४३८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 90 | 0 | 120 | ४४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१६१५/०७९/०८०
**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com



**साउदीमा रोजगार** कम्पनी : SOUTHERN EXCAVATIONS CONTRACTING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०५/१२ LT. No. 330102 चलानी नं. ६०२४३८९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 15 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | in miner | 15 | 0 | 1000 | ३७,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ २४ गते (9th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Shreejanshil Marga, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : FLEX FACILITY MANAGEMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/११/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/११ LT. No. 319693 चलानी नं. ६०२३३८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 99 | 20 | 800 | ३८,२४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९



**ओमनमा रोजगार** कम्पनी : AL OSAMA PROJECTS
पूर्व स्वीकृति मिति : २०८२/०५/११ LT. No. 329953 चलानी नं. ६०२४३८८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Shop Waiter | 1 | 0 | 150 | ५४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.** (FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि), Tel: +977-1-4365939 4382814
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066



**कतारमा रोजगार** कम्पनी : AL ARBIYA TRADING
पूर्व स्वीकृति मिति : २०८२/०२/२० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/११ LT. No. 325071 चलानी नं. ६०२३९०५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 12 | 1400 | ५४,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 9 | 0 | 1500 | ५७,८६५ | | | | | | | |
| 3 | Salesman | 0 | 4 | 1400 | ५४,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६९/०६७



**साउदीमा रोजगार** कम्पनी : HAMAD RASHID AL NUAIMI CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०५/११ LT. No. 330015 चलानी नं. ६०२४३८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 1 | 0 | 1000 | ३७,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १९ गते (4th Sep . 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम ईजाजत नं.५३५/०६१/०६२

प्रभाव दैनिक

रूपशाला

## कलाकार घिमिरे घाइते

कलाकार केदार प्रसाद घिमिरे घाइते भएका छन् । मंगलबार ब्याडमिन्टन खेल्ने क्रममा चिप्लिएर भुईंमा लड्दा उनको दाहिने कुहिनोमा चोट लागेको छ । उनी अभिनित चलचित्र माग्ने राजा अहिले प्रदर्शनमा छ । उनी हातमा चोटका बाबजुद पनि हलहरूमा पुगेर दर्शकसँग भेटघाट गरिरहेका छन् ।



बिहीबार, १२ भदौ २०८२ (Thursday, 28 August 2025)

# टिजरमा 'हरिबहादुरको जुत्ता'



■ प्रभाव संवाददाता

**काठमाडौं–** दसैंमा प्रदर्शनमा आउने चलचित्र 'हरिबहादुरको जुत्ता'को बुधबार टिजर सार्वजनिक गरिएको छ ।

हाँसो, आँसु र करुणासहित सबै भावनालाई समेटेको टिजरले नेपाली दर्शकलाई टेलिभिजन सिरियलमा चर्चित बनेको हरिबहादुर पात्र सम्झाएको छ ।

सिरियलमा चोर र ठगको परिचय बनाएको हरिबहादुर,जसले अरूलाई मात्रै रुवाउँथ्यो, चलचित्रमा आइपुग्दा भने आफू पनि रोएको देख्न सकिन्छ ।

निर्देशक दीपेन्द्र के. खनालले यसपटक हरिबहादुरलाई केवल हास्यमै सीमित नराखी भावुक र कारुणिक पात्रका रूपमा पनि देखाउन खोजेको आभाष टिजरले दिन्छ । असोज १३ गतेबाट प्रदर्शनमा आउने फिल्ममा हरिबहादुर (हरिवंश आचार्यको पात्र) केन्द्रमा रहेपनि अन्य चर्चित कलाकारहरूको अभिनय पनि देख्न सकिन्छ ।

टिजरमा प्रियङ्का कार्की प्रहरीको भूमिकामा देखिएकी छिन् भने स्वस्तिमा खड्का, प्रकाश सपुत, दिव्य देव, हरिहर शर्मा, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायत कलाकारहरूको अभिनय पनि समावेश छ । एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको चलचित्रलाई सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेका हुन् । चलचित्रका छायाङ्कन कृष्ण बहादुर थापा, सम्पादन नकुल खड्का ले गरेका छन् । सङ्गीतमा वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपुत छन् ।

# 'महादशा'बाट निर्देशनमा डेब्यू गर्दै किरण



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्माता किरण नेपालीले निर्देशनमा डेब्यु गर्दै 'महादशा' नामक नेपाली फिल्म निर्माण हुने भएको छ । बुधबार राजधानीस्थित जमलको विश्वज्योती मलको राजा लाउन्जमा आयोजित कार्यक्रममा फिल्मको नाम घोषणा र प्रि-टिजर सार्वजनिक गरिएको हो ।

लेकाली इन्टरटेन्मेन्टले निर्माण गर्ने फिल्मको प्रि-टिजर बुढासुब्बाको आधिकारिक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ । निर्देशक नेपाली यसअघि दर्जनौं फिल्ममा निर्माताको रूपमा संलग्न भइसकेका छन् ।

'महादशा'को प्रि-टिजरमा मुख्य कलाकार प्रमोद अग्रहरी, प्रेमा लामगाढे र हाकिम गुरुङलाई परम्परागत भेषभूषामा प्रस्तुत गरिएको छ । निर्माण पक्षका अनुसार अन्य कलाकारबारे जानकारी पछि दिइनेछ ।

मनिष गौतमले लेखेको फिल्ममा राजे के. शाह, श्याम मगर र अमला देवी राईले लगानी गरेका छन् । सुरज आचार्य कार्यकारी निर्माता रहेका छन् ।

फिल्मले संस्कार, संस्कृति, अध्यात्मसँगै समाजमा विद्यमान रहस्यमय घटनाक्रम तथा मानिसको जीवनमा ग्रह-नक्षत्र र कर्मको प्रभावलाई कथावस्तुमा समेट्ने निर्माण पक्षले जनाएको छ । प्रोडक्सन म्यानेजर अनिश अधिकारी र समर चौलागाई रहेको फिल्मको प्रदर्शन मिति भने छायांकन पूरा भएपछि मात्र घोषणा गरिनेछ ।

# तराईमा 'अभिमन्यु'लाई स्वागत

**काठमाडौं (प्रस)–** फरक शैलीमा आएको भोजपुरी फ्लेबरको गीत 'लड्की गोरी'ले चलचित्र 'अभिमन्यु : च्याप्टर-१' को हाइप बढाएको छ । सुरुमा एआई निर्मित भिडियोबाट प्रचार गरिएको सिनेमाको अहिले कन्टेन्ट बाहिर आएका छन् ।

यसैक्रममा एक साता अगाडि रिलिज भएको गीत 'लड्की गोरी'ले मधेस र मधेसीको चित्रण गर्दै सिनेमाको हाइप बढाएको छ । ११ लाख भ्युज पाइसकेको यो गीतले प्रतिक्रिया पनि राम्रो पाइरहेको छ ।

'म खासै भोजपुरी गीत सुन्दिन । तर, यो अलि रिफ्रेसिङ रहेछ । मजा आयो । प्रेरणा सिङ र प्रशान्त सिवाकोटीको आवाज सारै मिठो । किरण श्रेष्ठको डान्स राम्रो,' तृष्णा घतानीले युट्युमा गीत हेरेर लेखेकी छन् ।

भोजपुरी फ्लेबर भए पनि गीत नेपालीमा छ । भोजपुरी लवजमा रहेको गीतको भिडियो भने टिपिकल भोजपुरीमा छ । बजारमा आइरहेका भन्दा बिलकुल फरक रहेकाले यसैलाई दर्शकले मन पराइरहेका छन् ।

भोजपुरी गीत भन्नबित्तिकै अलि छाडा हुन्छन् । तर, 'लड्की गोरी त्यस्तो छैन । यसको पनि तारिफ भइरहेको छ । जीवन मल्ल गीत र भिडियो हेरेपछि कमेन्ट गर्छन्, 'यो डान्स र अडियो बबाल छ । निड मोर एप्रिसिएसन । छाडा छैन, रमाइलो छ ।'

पछिल्लो समयको ट्रेन्ड हेर्ने हो भने डान्सिङ प्याटर्नका गीत चलिरहेका छन् । यो फूल डान्सिङ नम्बरमा छ, त्यसैले यो गीत दर्शकले मन पराइरहेका छन् । पछिल्लो समय सिनेमा प्रचारको अचुक अस्त्र नै गीत बनिरहेका छन् । यो गीत दर्शकले मन पराउँदा चलचित्र 'अभिमन्यु'लाई फाइदा भइरहेको छ । त्यसैले यो सिनेमा पनि हिट हुनेमा नन्दु गैरे ढुक्क छन्, 'यो गीत हिट भयो भने यो फिल्म पनि हिट हुन्छ ढुक्क हुनुहोला,' उनले लेखेका छन् ।

नेपाली चलचित्रले तराइबासीलाई उपेक्षा गरेको आरोप लाग्दै आएको छ । तराईको कथा नआउने आए पनि मजाक बनाउने गरेको लेखक, निर्माता र निर्देशकलाई आरोप लाग्दै आएको छ । यसबाट 'अभिमन्यु' मुक्त रहेको अनुमान लगाउन सकिन्छ । कन्टेनमा देखिने गरेको मोरङ र तराई भू-भाग, मुख्य कलाकार तराईबासी नै भएकाले तराईको कथा यो चलचित्रले उठान गरेको संकेत छ ।

'यो गीतले गर्दा तराईबासी पनि चलचित्रमा जोडिनसक्ने सम्भावना हुन्छ । निकै नयाँपन अनि मिठो छ,' धनबहादुर कनुवारले लेखेका छन् ।



**साफ यू-१७ महिला च्याम्पियनसिप**

# बंगलादेशसँग फेरि हाऱ्यो नेपाल



■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशसँगको लगातार दोस्रो हारसँगै नेपालले साफ महिला यु-१७ च्याम्पियनसिपको उपाधि होडबाट बाहिरिएको छ । भुटानको राजधानी थिम्पुस्थित चाङ्लिमिथाङ रंगशालामा बुधबार सम्पन्न खेलमा नेपाल ४-१ ले पराजित भएको हो । जितसँगै बंगलादेशले ४ खेलबाट ९ अंक पुऱ्याएको छ । एक खेल कम खेलेको भारतको पनि ९ अंक छ ।

नेपालको भने ४ खेलबाट ३ अंक मात्रै छ । नेपाल पहिलो खेलमा भारतसँग ८-० ले पराजित भएको थियो । भुटानसँग २-१ को पुनरागमन जित निकाले पनि बंगलादेशसँग पहिलो लेगमा ३-० ले पराजित हुन पुगेको थियो ।

बंगलादेशलाई जित दिलाउन शौरभी अखण्ड प्रीतिले ह्याट्रिक गरिन् । एक गो ल भने थुइनुए मार्माले थपेकी हुन् । नेपालकी भूमिका बूढाथोकीले एक गोल फर्काइन् ।

नेपालले ३७औं मिनेटसम्म बंगलादेशलाई गोलरहित बराबरीमा रोकेको थियो । तर, त्यसको अर्को मिनेट नै बंगलादेशले अग्रता लियो । मार्माले अगाडी कटाउन लागेको क्रस नेपाली खेलाडीलाई लागेर डिफ्लेक्ट भएको थियो । उक्त बललाई उनले नेपालका तीन डिफेन्डरलाई बिट गर्दै गोल गरिन् ।

पहिलो हाफको निर्धारित समय सकिँदै लाग्दा बंगलादेशले अर्को गोल थप्यो । मीनामाया श्रेष्ठले दिएको सट पास बललाई डिफेन्डर सम्झना चन्दले राम्रोसँग नियन्त्रणमा लिन नसक्दा बंलादेशले गोलको अवसर प्राप्त गऱ्यो । उक्त बललाई मामोनी चक्माले प्रीतिसामू पुऱ्याएकी थिइन् । प्रीतीले उक्त बललाई माथिल्लो बारतर्फबाट सजिलै गोलमा परिणत गरिन् ।

इन्जुरी समयमा भूमिकाले एक गोल फर्काइन् । नेपाली खेलाडीले पेनाल्टी बाहिरबाट गरेको लामो प्रहार बंगलादेशी डिफेन्डरले सिक्स यार्ड बक्सनजिक रोकेका थिए । तर, क्लियर गर्नेक्रममा तालमेल नमिल्दा भूमिकाले सहजै गोल गरिन् । ७१औं मिनेटमा प्रीतिले व्यक्तिगत दोस्रो गोल गरिन् । अनमार्क रहेकी प्रीतिले सेटपीसबाट गोल गर्दा नेपाली गोल लक्ष्मी ओलीले कुनै प्रतिक्रिया दिन सकिनन् । ८७औं मिनेटमा प्रीतिले ह्याट्रिक पूरा गरिन् । मार्माले दिएको क्रसलाई उनले सिक्स यार्ड बक्सनजिकबाटै गोल गरिन् । योसँगै बंगलादेशले ४-१ को सहज जित हात पाऱ्यो ।

**डिएभी स्पोर्टस गाला**

# नेपाल पुलिस स्कुललाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं –** डिएभी सुसिल केडिया विश्व भारती स्कुलको आयोजनामा बुधबार सम्पन्न 'लेट सुसिल केडिया मेमोरियल स्पोर्टस गाला'मा क्रिकेटतर्फको उपाधि पुलिस स्कुलले जितेको छ । फाइनलमा पुलिसले एलआरआइ स्कुललाई ४८ रनले पराजित गर्यो । पुलिसले प्रस्तुत गरेको ७२ रनको लक्ष्य पछ्याएको एलआरआइ ४.३ ओभरमा २३ रनमै समेटियो ।

क्रिकेटतर्फ एलआरआइ स्कुलका अभि थपलिया उत्कृष्ट खेलाडी घोषित भए। यस्तै डिएभीका आरुष झा उत्कृष्ट ब्याटर, पुलिसका आर्यन शाह उत्कृष्ट बलर, जेम्सका दिक्षन्त मिश्रा,उत्कृष्ट विकेकिपर तथा रेडीयन्ट रिडर्स स्कुलका सनातन नेपाल उदीयमान खेलाडी घोषित भए ।

अघिल्लो साता सम्पन्न फुटबलतर्फको उपाधि कान्जिरोवा माध्यमिक विद्यालयले जितेको थियो । प्रतियोगितामा क्रिकेट र फुटबलसहित तेक्वान्दो, बास्केटबल, टेबलटेनिस ब्याडमिन्टन खेल पनि समावेश गरिएको थियो ।

तेक्वान्दोमा विष्णुदेवी माध्यमिक विद्यालय, पुरुष बास्केटबलमा एलआरआइ विद्यालय र ब्याडमिन्टनमा नेपाल पुलिस स्कुल च्याम्पियन बने ।

यस्तै टेबल टेनिसतर्फ पुरुष टिम इभेन्टमा युनाइटेड तथा महिला टिम इभेन्टमा एभिएमले उपाधि जिते ।

# लोकतान्त्रिक खेलकुद संघको अध्यक्षमा राणाको उम्मेदवारी

**काठमाडौं (प्रस)–** पूर्व कराते खेलाडी तथा प्रशिक्षक नारायणदेव राणाले नेपाल लोकतान्त्रिक खेलकुद संघको अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् ।

नेपाली कांग्रेसको भातृ संगठनको रूपमा ११ वर्ष अगाडि गठित लोकतान्त्रिक खेलकुद संघको निर्वाचन यहि भदौ २२ गते हुँदैछ । निर्वाचनमा देशभरीबाट ९०० भन्दाबढि खेलकुदमा आवद्ध व्यक्तिले मतदान गर्नेछ ।

नारायणदेव नेपाली कांग्रेस ललितपुर क्षेत्र नं.३ का महाधिवेशन प्रतिनिधि हुन् ।

नारायणदेवले बुधबार पत्रकार सम्मेलनमार्फत आफ्नो उम्मेदवारी घोषणा गरे । उम्मेदवारी घोषणा कार्यक्रममा बागमती प्रदेशका पुर्व खेलकुद मन्त्री मीनकृष्ण महर्जन, ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष विनोद महर्जन, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, करातेका प्रमुख प्रशिक्षक दीपक श्रेष्ठ (माने), साफका स्वर्णधारी गंगाराम महर्जन, रवि महर्जन लगातयको उपस्थिति थियो ।

नारायणदेवले निस्कृय संघलाई चलायनमान बनाउने र संघको उदेश्य अनुसारको काम गर्ने लक्ष्यका साथ नेतृत्वमा आउने चाहेको धारणा राखे । 'खेलकुद विकासको ठूलो जिम्मेवार निकाय रहेर पनि विगतमा हाम्रो संगठनले खेलकुद क्षेत्रमा खासै प्रभावकारी काम गर्न सकेको देखिएन । मेरो लक्ष्य निस्कृय संघलाई चलायनमान बनाउने र उदेश्य छुने हो,' कार्यक्रममा नारायणदेवले भने ।

कराते खेलाडीका रूपमा सन् १९८५ देखि १९९९ सम्म सक्रिय रहँदै विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई पदक दिलाएका नारायणदेवले १९९२ को दोस्रो दक्षिण एसियाली कराते च्याम्पियनसिपमा स्वर्ण तथा १९९१ को एसियन एसकेएफ शिखर कराते डो च्याम्पियनसिपमा कांस्य पदक जितेका थिए ।



उत्तरी चीनको तियानजिनमा रहेस्थित हाइहे नदी किनारको लाइट शोको दृश्य । यही अगस्ट ३१ देखि सेप्टेम्बर १ सम्म यहाँ एससिओ शिखर सम्मेलन आयोजना हुँदै छ । *तस्बिर: सिन्हवा*

# भारतीय सामानमा दोब्बर अमेरिकी कर, पुग्यो ५० प्रतिशत




**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसबाट तेल खरिद गरेका कारण भारतलाई दबाब दिन बुधबारदेखि धेरै भारतीय उत्पादनमा विद्यमान भन्सार शुल्क दोब्बर गर्दै ५० प्रतिशत लागू गरेका छन् । ट्रम्पले युक्रेन युद्धलाई राजस्व दिने प्रमुख स्रोत ऊर्जा कारोबारलाई रोक्ने अभियानका हिस्साका रूपमा भारतलाई लक्षित गरेका हुन् ।

यस कदमले अमेरिका-भारत सम्बन्धमा तनाव थपिएको छ र नयाँदिल्लीलाई चीनसँगको सम्बन्ध सुधार गर्न नयाँ प्रोत्साहन दिएको विश्लेषकहरूको भनाइ छ । सन् २०२४ मा पुनः राष्ट्रपति बनेपछि ट्रम्पले सहयोगी र प्रतिस्पर्धी दुवै देशलाई उच्च भन्सार शुल्कको मारमा पारेका छन् ।

यो ५० प्रतिशत स्तर अमेरिकी व्यापारिक साझेदारहरूले भोगिरहेको सबैभन्दा उच्चमध्ये एक हो । तर, औषधि, कम्प्युटर चिप्स र स्मार्टफोनजस्ता केही क्षेत्रलाई भने छुट दिइएको छ । स्टिल, एल्मुनियम र अटोमोबाइल उद्योगलाई पनि यी भन्सार शुल्कबाट अलग राखिएको छ ।

संयुक्त राज्य अमेरिका भारतको प्रमुख निर्यात बजार हो । अमेरिकाले सन् २०२४ मा मात्र ८७ अर्ब ३० करोड डलरको निर्यात स्वीकार गरेको थियो । तर ५० प्रतिशत भन्सार शुल्क व्यापार प्रतिबन्धसरह हुने चेतावनी विश्लेषकहरूले दिएका छन् ।

यसले विशेषगरी कपडा, समुद्री खाना र गहनाजस्ता क्षेत्रमा काम गर्ने साना कम्पनीहरूलाई ठूलो धक्का पुऱ्याउने सम्भावना छ । यी निर्यातकर्ताहरूले पहिले नै अर्डर रद्द हुनुका साथै बंगलादेश र भियतनामजस्ता प्रतिस्पर्धीलाई फाइदा पुगेको बताएका छन् । यसले रोजगारी कटौतीको डर बढाएको छ । भारतले वासिङ्टनको कदमलाई 'अनुचित, अन्यायपूर्ण र अव्यावहारिक' भन्दै कडा आलोचना गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले स्वाधीनताको वार्षिक भाषणमा नागरिकको करभार कम गर्ने र आत्मनिर्भर भारतको मार्गमा अघि बढ्ने वाचा गरेका छन् ।

भारतको विदेश मन्त्रालयका अनुसार, युरोपले परम्परागत आपूर्ति रूसबाट हटाएपछि भारतले तेल आयात बढाएको हो । सन् २०२४ मा भारतको कूल कच्चा तेल आयातमध्ये ३६ प्रतिशत हिस्सा रूसबाट आएको थियो । यसले भारतलाई अर्बौं डलरको बचतमात्र नभई घरेलु इन्धन मूल्यलाई पनि स्थिर राख्न मद्दत गरेको थियो ।


ट्रम्प प्रशासनले बुधबारको समयसीमाअघि आफ्नो कर योजनामा दृढता देखायो । उनका व्यापार सल्लाहकार पिटर नाभारोले गत हप्ता पत्रकारलाई भने, 'भारतले युद्धमा आफ्नो भूमिका चिन्न चाहँदैन ।' उनले भारतीय कदमलाई 'चिनियाँ राष्ट्रपति सी चिनफिङको नीतिजस्तै' भएको टिप्पणी गरे ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटकी वरिष्ठ उपाध्यक्ष वेण्डी कटलरले भनिन्, 'ट्रम्प कर गाथाको सबैभन्दा चिन्ताजनक घटनामध्ये एउटा हो, जसले भारतलाई प्रारम्भिक व्यापार सम्झौताका लागि आशाजनक उम्मेदवारबाट सीधै उच्च भन्सार शुल्कको मारमा परेको राष्ट्र बनाइदिएको छ ।'

उनका अनुसार भारतले व्यापार क्षेत्रमा सुधार र खुलापन देखाइरहे पनि ट्रम्पका तीव्र भन्सार शुल्कहरूले यी प्रयासलाई प्रश्नमा पारेको छ । 'यी उच्च भन्सार शुल्कहरूले दुई देशबीचको विश्वासलाई द्रुतरूपमा क्षय पारेको छ, जसलाई पुनर्निर्माण गर्न वर्षौं लाग्न सक्छ,' उनले भनिन् । ट्रम्पले भन्सार शुल्कलाई अनुचित व्यापार अभ्यास र असन्तुलन समाधान गर्ने प्रमुख औजारका रूपमा प्रयोग गर्दै आएका छन् । यसअघि युरोपेली संघ (इयू) देखि लिएर इण्डोनेसियासम्मका साझेदारलाई प्रभाव पारेको उच्च भन्सार शुल्कले अमेरिकी व्यापार घाटा कम गर्ने औचित्य दिएको थियो ।

यसबाहेक, ट्रम्पले आफ्ना पूर्वराष्ट्रपति साथी जायर बोल्सोनारोविरुद्ध मुद्दा चलेका कारण ब्राजिलमाथि पनि निशाना लगाएका छन् । ब्राजिलका धेरै सामानमा पनि यसै महिनादेखि अमेरिकी कर ५० प्रतिशत पुऱ्याइएको छ । तर त्यहाँ व्यापक छुट दिइएको छ । *रासस⁄एएफपी*

# अमेरिकी कार्यस्थलमा युवा कामदारहरू एआई प्रतिस्थापनको जोखिममा : अध्ययन



**साक्रामेण्टो (अमेरिका)–** कृत्रिम बुद्धिमत्ता (एआई)ले अमेरिकामा २२ देखि २५ वर्ष उमेर समूहका कर्मचारीहरूलाई विस्थापित गर्न थालेको छ । सन् २०२२ को अन्त्यदेखि एआई-सम्बन्धित व्यवसायहरूमा रोजगारी १३ प्रतिशतले घटेको देखिएको छ ।

यो अध्ययन स्टचानफोर्ड विश्वविद्यालयका अर्थशास्त्री एरिक ब्रिनजोल्फसन, भारत चन्द्र र रुयु चेनले संयुक्त राज्य अमेरिकाको सबैभन्दा ठूलो पेरोल प्रोसेसिङ कम्पनी अटोमेटिक डेटा प्रोसेसिङको तथ्यांक प्रयोग गरी गरेका हुन् । अध्ययनले सन् २०२५ जुलाईसम्मका १०औं हजार कम्पनीको रोजगारी ढाँचा ट्र्याक गरेको थियो ।

अध्ययनको निष्कर्षले पहिलोपटक ठूला स्तरमा च्याटजिपिटीजस्ता उत्पादक एआई उपकरणहरूले रोजगार बजारलाई पुनःआकार दिइरहेको प्रमाण प्रस्तुत गरेको छ । अध्ययनमा भनिएको छ, 'जेनेरेटिभ एआईलाई व्यापक रूपमा अपनाएपछि सबैभन्दा बढी एआई-सम्बन्धित व्यवसायहरूमा प्रारम्भिक करिअरका कामदारहरूले कम्पनीस्तरका अन्य प्रभावहरू नियन्त्रण गरिसकेपछि पनि रोजगारीमा १३ प्रतिशत गिरावटको अनुभव गरेका छन् ।'

यसमा जागिर कटौती नै मुख्य कारण रहेको र तलब कटौती माध्यमिक भएको उल्लेख गरिएको छ । यी परिवर्तनहरूको सबैभन्दा ठूलो असर युवा सफ्टवेयर विकासकर्ताहरू र ग्राहक सेवा प्रतिनिधिहरूले बेहोरेका छन् । २२ देखि २५ वर्ष उमेरका सफ्टवेयर विकासकर्ताहरूको रोजगारी सन् २०२२ को अन्त्यमा देखिएको शिखर अवस्थाबाट झण्डै २० प्रतिशतले घटेको छ भने सोही पेसामा वृद्ध कामदारहरूको रोजगारी स्थिर वा बढ्दो देखिएको छ ।

लेखकहरूले एआई-प्रभावित रोजगारीमा युवा कामदारहरूको गिरावटलाई समग्र कार्यबलमा हुने आगामी ठूलो परिवर्तनको प्रारम्भिक चेतावनी संकेतका रूपमा व्याख्या गरेका छन् । शोधकर्ताहरूले ३५ देखि ५० लाख कामदारको मासिक पेरोल रेकर्डको विश्लेषण गर्दै रोजगारी वर्गीकरणलाई अघिल्लो शैक्षिक अध्ययनहरूद्वारा परिभाषित एआई एक्सपोजर सूचकसँग जोडेका छन् ।

नतिजामा एआईले कार्य स्वचालित गर्ने व्यवसायहरूले रोजगारीमा तीव्र गिरावट भोगे भने एआईले मानव क्षमतामा सहयोग गर्ने कामहरूले निरन्तर वृद्धिको अनुभव गरे । यो समय सन् २०२२ नोभेम्बरमा च्याटजिपिटीको सुरु हुने अवधिसँग मेल खान्छ, जसले अमेरिकी कार्यस्थलहरूमा एआई उपकरणहरूको तीव्र प्रयोगलाई गति दियो ।

सन् २०२५ को मध्यसम्ममा, अमेरिकी सर्वेक्षणमा सहभागीमध्ये ४६ प्रतिशतले आफ्ना कार्यस्थलमा ठूला भाषा मोडेल प्रयोग गरेको बताएका छन् । यद्यपि, अध्ययनले एआईको प्रभाव व्यवसायको प्रकारअनुसार निकै फरक पर्ने देखाएको छ । स्वास्थ्य सहयोगी, नर्सिङ सहायक र अन्य कम एआई-प्रभावित भूमिकाहरूमा युवा कामदारहरूको रोजगारी बढेको छ । एआईले मुख्यतया विद्यालयमा सिकाइने संहिताबद्ध ज्ञानलाई प्रतिस्थापन गर्छ, तर कार्य अनुभवबाट प्राप्त मौन ज्ञानलाई भने प्रतिस्थापन गर्न सक्दैन भन्ने शोधकर्ताहरूको सुझाव छ । *रासस⁄सिन्ह्वा*

राष्ट्रसंघले भन्यो

# गाजामा पत्रकारको हत्या विश्वलाई स्तब्ध पार्ने घटना




**जेनेभा–** मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले गाजा पट्टीमा पत्रकारहरूको हत्या विश्वलाई स्तब्ध पार्ने घटना भएको र यसले जवाफदेहिता तथा न्यायको माग गर्दै तुरुन्त कारबाही गर्न प्रेरित गर्नुपर्नेमा जोड दिएको छ ।

ओएचसिएचआरका प्रवक्ता थमिन अल-खितानले इजरायली कब्जा बलले खान युनुसस्थित नासेर अस्पतालमा छोटो अवधिमा दुईपटक हवाई आक्रमण गरेको बताए ।

सोमबार नासेर अस्पतालमा भएको हवाई आक्रमणमा पत्रकारहरूको हत्यासम्बन्धी प्रश्नको उत्तर दिँदै उनले भने, 'हामीलाई थाहा छ कि पाँच पत्रकारमध्ये एक जना पहिलो आक्रमणमा मारिएका देखिन्छन् भने महिला पत्रकारसहित अन्य तीन जना दोस्रो आक्रमणमा मारिएका छन् । यो अत्यन्तै धक्का दिने र अस्वीकार्य घटना हो ।'

उनले भने, 'सन् २०२३ अक्टोबर ७ देखि गाजामा कम्तीमा २४७ प्यालेस्टिनी पत्रकारले ज्यान गुमाइसकेका छन् । यी पत्रकारहरू विश्वका आँखा र कान हुन्, उनीहरू सुरक्षित हुनुपर्छ ।' अल-खितानले अस्पतालहरूलाई लक्षित गरेजस्तै पत्रकारहरूलाई लक्षित गर्नु अन्तर्राष्ट्रिय मान्यताअनुसार निषेधित भएको प्रस्ट पारे । साथै, उनले इजरायली अधिकारीहरूले यी घटनाहरूको अनुसन्धान गर्ने घोषणा गरे पनि 'ती अनुसन्धानहरूले परिणाम दिनैपर्छ, न्याय हुनुपर्छ' भन्दै अहिलेसम्म कुनै ठोस परिणाम वा जवाफदेहिताका उपाय नदेखिएको बताए ।

ओएचसिएचआरका प्रवक्ताले अझैसम्म विश्वले यी हत्याबारे कुनै ठोस नतिजा वा जवाफदेहिताका कदमहरू नदेखेको र अनुसन्धानका प्रतिवेदनहरू सार्वजनिक नभएको तथ्य पनि उजागर गरे । *रासस⁄क्युएनए*

# डेनमार्कमा पाषाण युगमा डुबेको बस्ती फेला



**बे अफ आर्हस (डेनमार्क)–** उत्तरी डेनमार्कको आर्हस खाडीको नीलो गहिरो पानीमुनि पुरातत्त्वविद्हरूले आठ हजार ५०० वर्षअघि बढ्दो समुद्री सतहले डुबाएको तटीय बस्तीको प्रमाण पत्ता लगाएका छन् ।

यस गर्मीमा गोताखोरहरूले डेनमार्कको दोस्रो ठूलो सहर आर्हस नजिकैको समुद्री सतहबाट करिब आठ मिटर (२६ फिट) तल पाषाण युगको बस्तीका अवशेष संकलन गरेका थिए । छ वर्ष लामो अन्तर्राष्ट्रिय परियोजनाको हिस्साका रूपमा रहेको यो उत्खनन एक करोड ३२ लाख युरो (करिब एक करोड ५५ लाख डलर) लागतको हो ।

यस परियोजनामा युरोपेली संघ (इयू) को आर्थिक सहयोग रहेको छ । परियोजनामा आर्हसका साथै बेलायतको ब्राडफोर्ड विश्वविद्यालय र जर्मनीको लोअर स्याक्सनी इन्स्टिच्युट फर हिस्टोरिकल कोस्टल रिसर्चका विज्ञहरू सहभागी छन् ।

परियोजनाको मुख्य उद्देश्य डुबेका उत्तरी युरोपेली भू-दृश्यहरूको खोजी गर्नुका साथै अपतटीय पवन फार्म तथा अन्य समुद्री पूर्वाधार विस्तारसँगै हराएका मेसोलिथिक बस्तीहरू उजागर गर्नु हो । अन्तिम हिमयुगपछि समुद्री सतह क्रमशः बढ्दै गएको थियो । पुरातत्त्वविद् पिटर मो एस्ट्रुपका अनुसार अहिलेसम्म पाषाण युगका बस्तीहरूको अधिकांश प्रमाण तटदेखि भित्री क्षेत्रमा फेला परे पनि यो बस्ती भने पुरानो तटरेखामै अवस्थित थियो ।

उनी भन्छन्, 'यहाँ हामीले वास्तविक पुरानो तटरेखा पाएका छौं । हामीसँग सीधै समुद्र किनारामा बसोबास गरेको बस्तीको प्रमाण छ । हाम्रो उद्देश्य त्यतिबेलाको तटीय जीवन कस्तो थियो भन्ने बुझ्नु हो ।'

हिमयुगपछि बरफका पत्रहरू पग्लिँदा समुद्रको सतह तीव्र गतिमा बढेको थियो । करिब आठ हजार ५०० वर्षअघि समुद्री सतहप्रति शताब्दी करिब दुई मिटर (६.५ फिट) ले बढेको थियो । मो एस्ट्रुप र उनको टोलीले आर्हस नजिकैको मोस्गार्ड संग्रहालयमार्फत आजको तटमा भेटिएको ४० वर्गमिटर (४३० वर्गफिट) क्षेत्रफलको सानो बस्ती उत्खनन गरेका छन् । बढ्दो समुद्री सतहले त्यसबेलाको जीवनशैलीलाई 'टाइम क्याप्सुल' जस्तै संरक्षित गरेको अनुसन्धानकर्ताहरूको भनाइ छ ।

प्रारम्भिक उत्खननमा जनावरको हड्डी, ढुंगाका औजार, तीरका टाउका, सिलका दाँत र काम गरिएको काठका टुक्रा फेला परेका छन् । सम्भावित भविष्य विश्लेषणका लागि उनीहरूले पानीमुनि प्रयोग हुने विशेष भ्याकुम उपकरणमार्फत मिटर-मिटरको हिसाबले सामग्री संकलन गरिरहेका छन् । शोधकर्ताहरूलाई आगामी उत्खननमा हर्पुन, माछा मार्ने काँटी तथा माछा मार्ने संरचनाका निशान भेटिने आशा छ । 'यो वास्तवमै टाइम क्याप्सुल हो । जब समुद्री सतह बढ्यो, अक्सिजनविहीन वातावरणमा सबै सामग्री सुरक्षित रह्यो... समय नै रोकिन्छ,' मो एस्ट्रुप भन्छन्, 'हामीले राम्ररी संरक्षित काठ पाएका छौं । हामीले हेजेलनटजस्ता बीउ पाएका छौं । सबै कुरा उत्कृष्ट अवस्थामा छन् ।'

हाल आर्हसको तुलनात्मक शान्त र सुरक्षित खाडीमा उत्खनन भइरहेका छन् । आगामी चरणमा जर्मनीको तट र उत्तर सागरका दुर्गम दुई स्थानमा थप उत्खनन गर्ने योजना छ । हजारौं वर्षअघि समुद्री सतह बढ्दा, 'डोगरल्याण्ड' भनिने विशाल भू-भाग समुद्रले डुबायो । यो भू-भागले बेलायतलाई महाद्वीपीय युरोपसँग जोड्थ्यो, तर अहिले दक्षिणी उत्तर सागरमुनि डुबेको छ ।

समुद्री सतह वृद्धिको इतिहास बुझ्न अनुसन्धानकर्ताहरूले डेण्ड्रोक्रोनोलोजी अर्थात् रूखका रिङहरूको अध्ययन गरिरहेका छन् । माटो र समुद्री पिँधका थिग्रेनीका रूपमा सुरक्षित डुबेका रूखका स्टम्पहरूले तटीय जंगल कहिले डुबायो भन्ने ठ्याक्कै बताउँछ । मोस्गार्ड संग्रहालयका डेण्ड्रोक्रोनोलोजिस्ट जोनास ओग्डल जेन्सेन भन्छन्, 'यी रूखहरू तटरेखामा कहिले मरे भन्ने कुरा हामी ठ्याक्कै भन्न सक्छौं । यसले समयसँगै समुद्री सतह कसरी परिवर्तन भयो भन्ने स्पष्ट पार्छ ।'

आज विश्वले जलवायु परिवर्तनका कारण समुद्री सतह वृद्धिको चुनौती सामना गरिरहेको अवस्थामा, यी पाषाण युगीन उत्खननहरूले त्यतिबेलाका समाजहरूले बदलिँदो तटरेखासँग कसरी जुझिरहेका थिए भन्ने विषयमा प्रकाश पार्ने अपेक्षा गरिएको छ ।

मो एस्ट्रुप भन्छन्, 'यसको मानव जीवनमा के असर पर्छ भन्ने ठ्याक्कै भन्न गाह्रो छ । तर यो स्पष्ट छ कि यसले लामो समयसम्म ठूलो प्रभाव पारेको थियो, किनकि यसले सम्पूर्ण परिदृश्यलाई परिवर्तन गरिदिएको थियो ।' संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार सन् २०१३ देखि सन् २०२३ को अवधिमा समुद्रको सतह विश्वव्यापी औसत ४.३ सेण्टिमिटर (१.७ इन्च)ले बढिसकेको छ । *रासस⁄एपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९९००० | प्रति तोला – ० | प्रति तोला – २३४५ |



**वीरेन्दनगरको हरियाली** | सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९ काँक्रेबिहारबाट देखिएको हरियाली धानखेती र घना बस्तीले भरिएको वीरेन्द्रनगरको माथिल्लो भाग तथा आसपासको क्षेत्र। *तस्बिरः सुरेश आचार्य/रासस*

# साउनमा १४ अर्बभन्दा बढी थपियो सरकारी ऋण

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा रु १४ अर्बभन्दा बढी सरकारी ऋण थपिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा प्रकाशित गत साउन मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आवको सुरुमा कूल सार्वजनिक ऋण रु २६ खर्ब ६९ अर्ब ५७ करोड रहेकामा साउन मसान्तसम्ममा रु १४ अर्ब दुई करोड वृद्धि भई रु २६ खर्ब ८३ अर्ब ६० करोड पुगेको हो। यो कूल गार्हस्थ उत्पादनको ४३ दशमलव ९४ प्रतिशत हुन आउने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।




कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव २६ प्रतिशत अर्थात् रु १४ खर्ब दुई अर्ब ४७ करोड ६५ लाख छ भने आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ७४ प्रतिशत रहेको छ। चालु आवका लागि सरकारले रु पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा साउन मसान्तसम्ममा रु ४४ अर्ब ५७ करोड ऋण उठाइसकेको कार्यालयले जनाएको छ।

वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति सात दशमलव ४८ प्रतिशत बराबर रहेको जनाइएको छ। आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा पहिलो महिना ११ दशमलव शून्य पाँच प्रतिशत अर्थात् रु ४० अर्ब ऋण उठाइएको हो। बाह्यतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा साउनमा एक दशमलव ९६ प्रतिशत अर्थात् रु चार अर्ब ५७ करोड ४८ लाख बराबर ऋण उठाइएको कार्यालयले जनाएको छ।

त्यस्तै, चालु आर्थिक वर्षमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि रु चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन भएकामा साउन मसान्तसम्ममा रु ३६ अर्ब ६८ करोड भुक्तानी भइसकेको छ। वार्षिक बजेट विनियोजनका आधारमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि छुट्याइएको बजेट आठ दशमलव ९३ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

## सतप्रतिशत नतिजा हासिल गर्न ऊर्जामन्त्री खड्काको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ का लागि कार्यसम्पादन सम्झौता गरेको छ।

मन्त्री दीपक खड्का र मन्त्रालयअन्तर्गतका तीन सचिवबीच बुधबार सम्पन्न सम्झौतामा योजनागत कामलाई परिणाममुखी बनाउन प्रतिबद्धता व्यक्त गरिएको हो।

सम्झौतामा ऊर्जा सचिव सुरेश आचार्य, जलस्रोत तथा सिंचाई सचिव सरीता दवाडी तथा जल तथा ऊर्जा आयोग सचिवालयका सचिव दिनानाथ मिश्र सहभागी भएका थिए। कार्यक्रममा मन्त्री खड्काले गत वर्षको अनुभवलाई आधार बनाएर यसपटक सम्झौतामा उल्लेखभन्दा बढी उपलब्धि हासिल गर्ने विश्वास व्यक्त गरे।

'बजेट र स्रोत सुनिश्चित भइसकेका आयोजना ढिलाइ नगरी अघि बढाउनुपर्छ, सचिव र आयोजना प्रमुखले अझ सक्रिय भूमिका खेल्नुपर्ने समय आएको छ,' मन्त्री खड्काले भने। उनले अनलाइन प्रणालीमार्फत नियमित रिपोर्टिङ गर्ने व्यवस्था मिलाउने र प्रत्येक हप्तामा प्रगति मूल्यांकन गर्ने योजना पनि अघि सारे।

मन्त्री खड्काले अन्तरमन्त्रालय तथा मन्त्रालयभित्रका विभागीय समन्वयलाई मजबुत बनाउनुपर्ने आवश्यकता औंल्याउँदै समयमै काम सम्पन्न गर्न प्रतिबद्ध हुन निर्देशन दिए। 'देश बनाउने जिम्मा हामी सबैको हो। क्षमताको पूर्ण सदुपयोग गर्दै परिणाम निकाल्नुपर्छ,' उनले भने।

यसअघि साउन २९ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग ऊर्जा मन्त्री खड्काबीच पनि आगामी वर्षको कार्यसम्पादन सम्झौता भएको थियो।

मूल्यांकन प्रतिवद्धतामूलक हुने भएकाले कामको प्रत्यक्ष परिणाम देखिनेगरी अघि बढ्नुपर्ने सिंचाई सचिव सरीता दवाडीले बताए। उनले शतप्रतिशत प्रगतिलक्ष्य हासिल गर्ने दृढता व्यक्त गरे।

त्यस्तै सचिव दिनानाथ मिश्रले पनि सम्झौतामा उल्लेखित लक्ष्य कार्यान्वयन गर्दै संस्थाको उद्देश्य पूरा गर्न सबै पक्ष एकजुट भएर लाग्नुपर्नेमा जोड दिए। कार्यक्रममा मन्त्रालयका विभिन्न महाशाखा प्रमुख र विभागीय महानिर्देशकहरूले पनि आफ्ना-आफ्ना क्षेत्रसँग सम्बन्धित कार्यसम्पादन सम्झौता गरेका थिए।

## डेढ अर्बको पेट्रोलियम आयात

**भद्रपुर (झापा)** – चालु आर्थिक वर्षको पहिलो महिनामा काँकडभिट्टाबाट रु एक अर्ब ५० करोड १३ लाख ६५ हजार मूल्यबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार आव २०८१/८२ को सोही अवधिको तुलनामा रु पाँच करोड २२ लाख अर्थात् तीन दशमलव ६० प्रतिशतले पेट्रोलियम पदार्थ आयातमा वृद्धि भएको छ। आयातमा सामान्य वृद्धि भएसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व पनि ११ दशमलव ८० प्रतिशत अर्थात् रु सात करोड ९१ लाख ५३ हजारले बढेको उनले बताए।

## नेप्सेमा ५३ अंकको उछाल

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अंकको सुधार देखिएको छ। बुधबार नेप्से परिसूचक ५३ दशमलव शून्य एक अंकले बढेर दुई हजार ८१९ दशमलव १० को विन्दुमा कायम भएको हो। यो एक दशमलव ९१ प्रतिशतको सुधार हो।

३२१ कम्पनीको एक करोड ४९ लाख ८६ हजार १४२ कित्ता शेयर ७२ हजार ५२८ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६८ करोड ३३ लाख ८६ हजार ४४१ दशमलव ७० को कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा सबै समूहको उपसूचक बढेको छ। बैंकिङ एक दशमलव ३८, विकास बैंक तीन दशमलव ४०, वित्त एक दशमलव ९८, होटल तथा पर्यटन एक दशमलव ६६, जलविद्युत् एक दशमलव ८५, लगानी दुई दशमलव १९ र जीवन बिमा समूह दुई दशमलव २१ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन दुई दशमलव ६९, लघुवित्त एक दशमलव शून्य नौ, म्युचुअल फण्ड शून्य दशमलव ४७, निर्जीवन बिमा एक दशमलव ६८, व्यापार दुई दशमलव ६८ र अन्य समूह दुई दशमलव १४ प्रतिशतले बढेको छ। विकास हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी केबिएल डिबेञ्चर-२०८६ को शेयर मूल्य पाँच दशमलव ७९ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६५ करोड ४२ लाख ७४ हजार २५५ बराबरको शेयर किनबेच भएको छ।

**चराचुरुंगीको संरक्षण गरौं**

चराचुरुंगीलेः

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरूले किरा फट्यांग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरु विभिन्न स्थानमा फाली नयाँ बोटविरूवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक विविधता बुझ्न मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत् आयस्रोतमा टेवा पुऱ्याउँछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुक्तिनाथ विकास बैंकको धुम्बाराहीमा शाखा

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुक्तिनाथ विकास बैंकको काठमाडौं महानगरपालिका वडा नम्बर ४, धुम्बाराही (चिलिमे टावरमा रहेको) स्थित शाखा कार्यालयको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेलले उद्घाटन गरेका छन्।

वित्तीय सेवाहरूको विविधिकरण गरी नेपाली वित्तीय बजारमा अलग्गै पहिचान बनाएको, मुक्तिनाथ विकास बैंकले जमलमा रहेको शाखा कार्यालयलाई नयाँ स्थान, काठमाडौं महानगरपालिका वडा नं.- ४ मा रहेको चिलिमे टावरमा स्थानान्तरण गरी औपचारिक रूपमा वित्तीय सेवाको शुभारम्भ गरेको छ। उक्त नयाँ शाखा कार्यालयको उदघाटन नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक पौडेलले गरेका थिए।



उद्घाटन कार्यक्रममा आफ्नो मन्तब्य राख्दै पौडेलले बैंकले कृषि क्षेत्रमा गरेको लगानी र डिजिटल बैंकिङ्ग सेवाको विस्तारको प्रशंसा गर्दै जोखिम व्यवस्थापनमा पनि त्यत्तिकै चनाखो हुन सुझाव दिएका थिए।

साथै, बैंकले हाल गरी रहेकै प्रगतिलाई निरन्तरता दिंदै यो शाखाबाट पनि उत्कृष्ट सेवा प्रदान गर्न शुभकामना व्यक्त गरेका थिए। उक्त समारोहमा बैंकका सञ्चालक उमेश आचार्यले स्वागत, प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकको अवस्था र आगामी योजना तथा निवर्तमान अध्यक्ष तथा संस्थापक प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालले नेपालको अर्थतन्त्र तथा वित्तीय क्षेत्रको सबलीकरणको लागि बैंक तथा नियमक निकायले अख्तियार गर्नुपर्ने रणनीतिहरूको बारेमा मन्तब्य राखेका थिए।

कार्यक्रमको सभापतित्व बैंकको सञ्चालक समितिको अध्यक्ष खिम प्रकाश मल्लले गरेका थिए। समापन तथा धन्यवाद मन्तब्य राख्दै मल्लले बैंकको सेवाको गुणस्तरमा अझै सुधार गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। नयाँ र आधुनिक भवनबाट पूर्ण वित्तीय सेवा प्रदान गर्न पाउँदा सेवाग्राहीहरूले उत्कृष्ट ग्राहक सेवाको महशुस गर्ने विश्वास बैंकले लिएको छ।

एक विशेष समारोहको आयोजना गरी गरिएको उक्त कार्यक्रममा बैंकको वर्तमान तथा पूर्व सञ्चालकहरू, संस्थापक तथा सर्वसाधारण सेयरधनीहरू, विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, ग्राहक तथा स्थानीय नागरिकहरूको उपस्थिति रहेको थियो। सेवाग्राहीहरूको आवश्यकतालाई मध्यनजर गरी सञ्चालनमा ल्याइएको उक्त नयाँ कार्यालय रिङ्गरोडसंग जोडिएको र पर्याप्त पार्किङ्ग सुविधा रहेकोले सबैको पहूँचमा सहजता हुनेछ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ